# बोटलर्स नेपाल (तराई) लिमिटेडका शेयरधनी महानुभावहरुलाई
# छत्तीसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७९ साल मंसिर २ गते, बिहिबार (तदनुसार नोभेम्बर १८, २०२२) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको छत्तीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान**

- मिति : २०७९, पुष २७ गते (तदनुसार जनवरी ११, २०२३)
- समय : १०:०० बजे बिहान।
- स्थान : होटल र्‍याडिसन, लाजिम्पाट, काठमाण्डौ।

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।

ख) सम्वत् २०७८ असार ३१ गतेसम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने।

ग) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने।

**(हालको लेखापरीक्षक बी.सि.एस.सि एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट् पुनः अर्को कार्यकालको लागि योग्य रहेको।)**

घ) संचालक समितिको बैठक भत्ता वृद्धि गर्ने।

ङ) कम्पनीको नगद लाभांश वितरण गर्ने बारे (संचालक समितिले प्रति शेयर रु ६०/- नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको)।

च) एक जना सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने।

**२. विशेष प्रस्ताव**

**३. विविध**

द्रष्टव्य: छत्तीसौं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७९/०९/२० गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०९/१९ गते सम्म कारोबार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडमा प्राप्त हुने शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ।

संचालक समितिको आदेशानुसार

**प्रतीमा बर्मा**
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ। कुनै कारणवश, कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही प्रमाण खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ। कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश यो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेल मा अनुरोध गर्नु पर्नेछ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत चन्द्र भक्त डंगोल chandra.dangol@nabilinvest.com.np मा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ। कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ।

८. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४४११६०४ ext. ११७ वा १४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**निर्वाचन सम्बन्धी अन्य जानकारी**

९. संचालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनी प्रचलित कानुन तथा कम्पनीको प्रबन्ध पत्र र नियमावली बमोजिम संचालक हुन योग्य भएको हुनुपर्नेछ।

१०. संचालक निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु औद्योगिक क्षेत्र, काठमाडौंको सूचना पाटीमा मिति २०७९/०९/०६ मा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न इच्छुक शेयरधनी तथा उम्मेदवार सबैले कार्यालय समय भित्र सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।